शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ९ मितिः २०८१/०९/०७

**भाग — २**

**शुक्लाफाँटा नगरपालिका**

## घरपालुवा कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

शुक्लाफाँटा नगरपालिकाभित्र रहेका छाडा कुकुर बिरालो नियन्त्रण तथा घरपालुवा कुकुर बिरालोबाट हुने रेबिज रोग नियन्त्रण गर्न, तथ्याङ्क राख्न अद्यावधिक गर्न र कुकुर विरालोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ कार्यान्वयन गर्न वाञ्छनीय भएकाले शुक्लाफाँटा नगर कार्यपालिकाले शुक्लाफाँटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ वमोजिमको अधिकार प्रयोग गरी यो कार्यविधि वनाई लागू गरिएको छ।

परिच्छेद-१

**१) सङ्क्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्यविधिको नाम "घरपालुवा कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागुहुनेछ।

**२) परिभाषा:-**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबविधिमा:**

क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्याक्ति वा संस्थाले अफ्नो घर- कम्पाउण्डभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागी पालिएका कुकुर भन्ने बुझिन्छ।

ख) “घरपालुवा बिरालो “ भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर- कम्पाउण्ड भित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागी पालिएको बिरालो भन्ने बुझिन्छ ।

ग) नगरपालिका भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनुपर्छ।

घ) “पशु विकास शाखा “ भन्नाले शुक्लाफाँटा नगरपालिकाको पशु विकास शाखालाई सम्झनुपर्दछ।

ङ) “वडा कार्यालय” भन्नाले शुक्लाफाँटा नगरपालिका अन्तर्गत रहेका १२ वटै वडा कार्यालय सम्झनुपर्छ।

**३) घरपालुवा कुकुर /बिरालो दर्ता गर्नुपर्ने**

क)नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न पाउने छैन।

ख) कसैले घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा सो कुकुर/बिरालो नगरपालिकामा दर्ता गराई राख्न वा पाल्न सक्नेछन।

ग) यो कार्यविधि प्रारम्भ हुनु पूर्व नै राखिएका वा पालिरहेका घरपालुवा कुकुर/बिरालो को हकमा यो कार्यविधि प्रारम्भ भएको ३ महिना भित्र दर्ता गरिसक्नु पर्नेछ।

घ) यो कार्यविधि लागु भएपछि नगरपालिकाले घरपालुवा कुकुर/बिरालो दर्ताको लागि सूचना आव्हान गर्नेछ।

ङ) नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर/बिरालो दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ।

**४ घरपालुवा कुकुर/बिरालो दर्ता तथा नविकरणका लागि निवेदन दिनुपर्ने:**

क) कसैले घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा सो कुकुर/बिरालो दर्ताका लागि सम्बन्धित वडा कार्यालयमा अनुसुची १ बमोजिमको ढाँचाको निवेदन दिनुपर्नेछ।

ख) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछी वडा कार्यालयले आवश्यक जाँचबुझ गरि नगरपालिकाको पशु विकास शाखामा घरपालुवा कुकुर /बिरालोको दर्ता तथा प्रमाण-पत्र जारी गर्नेछ र पशु विकास शाखाले कुकुर/बिरालो दर्ता गरी प्रमाण-पत्र दिनु पर्नेछ।

ग) कुकुर/बिरालो धनिहरुले हरेक आर्थिक वर्ष सकिएका ३ महिना भित्र कुकुर/बिरालो दर्ता नविकरण गराउनु पर्नेछ।

घ) उपदफा २ बमोजिमको दिईने प्रमाण-पत्रको ढाचा अनुसुचि-२ बमोजिम हुनेछ।

ङ) घरपालुवा कुकुर दर्ता/नविकरण शुल्क रु १००/-( एक सय मात्र) शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ।

च) घरपालुवा बिरालो दर्ता/नविकरण दस्तुर रु ५०/- (पचास मात्र) उत्त शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ।

**५ “घरपालुवा कुकुर/बिरालो” दर्ता गराए वापत नगरपालिकाले दिने सुविधा:**

नगरपालिकाभित्र घरपालुवा कुकुर/बिरालोहरुको दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछ ।

क) Rabies vaccine- 1 dose ( रेबिज भ्याक्सिन- १ डोज)

ख) दर्ता नं सहितको खोप कार्ड वितरण गरिनेछ ।

ग) आन्तरिक परजिवि विरुद्धको औषधि।

घ) नगरपालिकाका प्राविधिकद्वारा पशु विकास शाखा/पशु सेवा केन्द्रमा नि:शुल्क परामर्श तथा स्वास्थ परिक्षण।

**६. घरपालुवा कुकुर/बिरालो सम्बन्धी अन्य व्यवस्था:**

क) आफुले पालेको कुकुर/बिरालो कुनै कारणबस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नु परेमा पशु विकास शाखालाई लिखित रुपमा जानकारी दिई मात्र स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ।

ख) दर्ता भएका घरपालुवा कुकुर/बिरालो हराएमा सोको जानकारी पशु विकास शाखालाई गराउनु पर्नेछ।

ग) घरपालुवा कुकुर धनिहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउण्ड भन्दा वाहिर जथाभावी छाडा छोड्न तथा दिसा पिसाब गराउन पाइने छैन।

घ) घरपालुवा कुकुरहरुको दिसा पिसाब कुकुर धनिहरुले आफ्नो छरछिमेकिलाई असर नपर्ने गरि व्यवस्थापन गर्नु पर्नेछ।

ङ) कुकुर धनिहरुले कुकुर/बिरालोहरुलाई लगाउनु पर्ने सम्पूर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउने तथा खुवाउने कार्य गर्नुपर्नेछ।

च) घरपालुवा कुकुरहरुको मृत्यु भएमा कुकुरधनीले सोको जानकारी पशु विकास शाखालाई गराउनु पर्नेछ।

छ) घरपालुवा कुकुरहरुले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुर्याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुरधनीले व्यहोर्नु पर्नेछ।

ज) कुकुर विरालोले बच्चा पाएमा २ महिना पछि ३ महिना भित्रको अवधिमा छाउरा छाउरी दर्ता गराउनु पर्नेछ ।

**७. कुकुर व्यवसाय सम्बन्धी व्यवस्था :**

क) कुकुर व्यवसायहरुले कुकुर खरिद बिक्री गर्नका लागी वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गर्नुपर्नेछ।

ख) कुकुर व्यवसायीहरुले कुकुर बिक्री गर्दा कुकुरहरुलाई पशु सेवा शाखामा प्रचलित कानून बमोजिम दर्ता गराएर मात्र बिक्री गर्नुपर्नेछ।

ग) कुकुर व्यवसायीहरुले व्यवसाय नविकरण गर्दा सो व्यवसाय मार्फत वर्ष भरी खरिद भएको बिक्रीको तथ्याङ्क बुझाउनु पर्नेछ।

घ) रेविज लगायत प्राणघातक रोगलाई महामारी रुपमा फैलिने नदिन कुकुर व्यवसायीहरुले पशु विकास शाखा तथा कुकुर धनीहरुसंग सहकार्य गरी विभिन्न कार्यक्रम तथा शिविर सञ्चालन गर्न सक्नेछन गर्न सक्नेछन।

**८. दण्ड जरिवाना सम्बन्धी व्यवस्था:-**

यस कार्यविधिको प्रावाधान विपरीत कसैले कार्य गरेमा प्रचलित कानून बमोजिम जरिवाना तथा कारवाही गरिनेछ।

**९. अनुगमन तथा निर्देशन:**

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिका र सम्बन्धित वडा कार्यालयको हुनेछ।

**१०. खारेज र बचाउः**

क) यो कार्यबिधि लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिन्छ।

ख) यो कार्यविधि प्रचलित कानून संग वाझिएको हकमा स्वत निस्कृय हुनेछ।

ग) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन र सम्सोद्वन गर्न सक्ने छ।

अनुसूची -१

(दफा ४( क) सँग सम्बनन्धित)

मितिः-

श्री वडा अध्यक्षज्यू,

......................नं . वडा कार्यालय,.................

विषय:- कुकुर / बिरालो दर्ता सिफारिस सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा शुक्लाफाँटा नगरपालिकाको घरपालुवा कुकुर/बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम तपसिलअनुसारको विबरण भएको कुकुर/बिरालोको नाम दर्ता गरी पालन गर्न सिफारिस प्रदान गरिदिनुहुन अनुरोद छ।

कुकुर/बिरालोको विवरण:-

| | |
|---|---|
| कुकुर/बिरालोको धनिको नाम | |
| ठेगाना | |
| घर नम्बर | |
| कुकुर/बिरालोको जात, नाम | |

| | |
|---|---|
| रङ्ग | |
| उमेर | |
| लिङ्ग | |
| खुल्ला जमिनको क्षेत्रफल | |
| खोप लगाएको विवरण | १)रेविज २) डिस्टेम्पर ३)अन्य.......... |
| जुका विरुद्ध औषधि खुवाएको विवरण | |
| केही विवरण भएमा उल्लेख गर्ने | |

निवेदक
नाम थर:
ठेगाना
दस्तखत:
सम्पर्क नं.

**संलग्न कागजातहरु:**

- नागरिकता प्रतिलिपि
- कुकुर/बिरालोको खोप कार्डको प्रतिलिपी

सम्बन्धित वडा कार्यालयबाट सिफारिस गर्ने प्रयोजनका लागिः

श्री पशुपंछी विकास शाखा, उपरोक्त निवेदकको कुकुर/ विरालो दर्ताका लागि सिफारिस गर्दछु।

पदाधिकारीको नामः..............................................................

हस्ताक्षरः .................................. मितिः ................................ छाप

अनुसूची- २
(दफा ४(घ) सँग सम्बन्धित)
शुक्लाफाँटा नगरपालिकाको कार्यालय
पशु विकास शाखा
झलारी, कंचनपुर

दर्ता नं. : मिति:

घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण -पत्र

कुकुर/बिरालोको धनिको नाम ....................................................घर नं..............................

ठेगना कञ्चनपुर जिल्ला, शुक्लाफाँटा नगरपालिका,.......................वडा नं.........................टोल...........................................

नागरिकता नं:

सम्पर्क नम्बर:

कुकुर/बिरालोको बोलाउने नाम:

जात:

कार्ड नं:

रङ्ग:

उमेर:

लिङ्ग:

प्रमाण-पत्र जारी गर्नेको

नाम, थर:

दस्तखत:

पद:

**घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-प्रत्र नविकरण**

| सि.न. | नविकरण गरेको मिति | नविकरण दस्तुर/ रसिद नं. | नविकरण गर्ने अधिकारीको नाम, पद र सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**कुकुर विरालो दर्ता / नविकरण अभिलेख ढाँचा :**

| सि.न. | धनिको नाम | ठेगाना | घर न. | सम्पर्क नम्बर | कुकुर / बिरालोको जात | उमेर | दर्ता/नविकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**आज्ञाले,**

**खेम राज बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**